महाराजगंज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२
चलानी नंः २१५३
मितिः २०८२/०१/१२

विषयः कार्यान्वयन सम्बन्धमा ।

श्री प्रधानाध्यापकज्यू, (सबै)
महाराजगंज नगरपालिका, कपिलवस्तु।

प्रस्तुत विषयमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सशर्त निर्शत रुपमा विद्यालयको खातामा विभिन्न मितिमा विभिन्न खर्च शीर्षकमा अनुदान लगायतका विद्यालयको माग बमोजिमको अनुदान रकम विद्यालयको खातामा निकासा गरिएको छ ।उक्त अनुदान रकम खर्च गर्दा प्रचलित ऐन, कानुन, नियमका अतिरिक्त देहायका बुँदाहरुको समेत पालना गरि तपाई स्वयंम जवाफदेहि र उत्तरदायी हुने गरि खर्च तथा विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्नुहुन अनुरोध छ ।

१. विद्यालयले सामग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति वा फर्म/संस्था वा कम्पनीबाट खरिद गरि प्रमाणिक आधारमा भुक्तानी गर्नु पर्नेछ ।
२. भौतिक पुर्वाधार निर्माणको कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको विधि अवलम्वन गर्ने साथै निर्माण सम्बन्धी वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गरि भए गरेको कामको मात्र भुक्तानी गर्नुपर्नेछ । साथै उक्त विलमा उल्लिखित मु.अ.कर बाहेकको रकममा १.५% अग्रिम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी गर्नु पर्नेछ ।
३. भौतिक निर्माण कार्यको हकमा विद्यालयको स्वीकृत वार्षिक कार्ययोजनामा समाविष्ट क्षेत्रमा विद्यालयले न्यूनतम १०% लागत सहभागिताको सुनिश्चितता गरि सोहि बमोजिम भएको खर्च मात्र भुक्तानी गर्नु पर्नेछ । विद्यालयको आन्तरिक स्रोत एवम् अन्य निकायवाट प्राप्त बजेट, अख्तियारी बमोजिम संचालित कार्यक्रमहरुको खर्च देखाई दोहोरो भुक्तानी खर्च लेख्न पाईने छैन ।
४. शैक्षिक तथा प्रशासनिक व्यवस्थापन तर्फ भुक्तानी दिंदा खर्च प्रक्रियामा प्रचलित कानुन बमोजिम पारदर्शीता र जवाफदेहिताको सुनिश्चितता हुने गरि मितव्ययी ढंगले भएको खर्च मात्र भुक्तानी दिनुपर्नेछ ।
५. शैक्षिक व्यवस्थापन तर्फको खर्च गर्दा कार्यक्रम कार्यान्वयन कार्यविधि तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तोकेका क्रियाकलापमा भएकोको खर्चको वास्तविकता एकिन गरेर मात्र अनुदान माग तथा निकासा भएको रकमको भुक्तानी गर्नुपर्नेछ।

दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

महाराजगंज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२
चलानी नंः

मितिः २०८२/०१/१२

---

६. शिक्षकहरुको पारिश्रमिक भुक्तानी गर्दा नियुक्तिको निर्णय, नियुक्ति पत्र, सरुवा/बढुवा पत्र, हाजिरी विवरण तथा निजलाई दिइएको जिम्मेवारी सहितको प्रमाणिक कागजातका आधारमा सम्वन्धित शिक्षकको बैङ्क खाता मार्फत भुक्तानी भएको खर्च मात्र लेख्नुपर्नेछ ।

७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) २०८२ जेष्ठ मसान्त भित्र यथार्थपरक रुपमा अद्यावधिक गरिसक्नुपर्ने र IEMIS मा अद्यावधिक विवरणका आधारमा मात्र रकम माग गर्ने ।

८. दिवा खाजा खर्चका लागि उपलब्ध गराईएको रकम भुक्तानी गर्दा विद्यार्थीको उपस्थितिको आधारमा तोकिए बमोजिमको खाजा कार्यक्रम सञ्चालन भएको दिनको हुन आउने रकमको मात्र भुक्तानी गर्ने अन्यथा भएमा सोको जिम्मेवारी प्र.अ. र खाता संचालन गर्ने कर्मचारीको रहनेछ ।

९. भौतिक निर्माण, शैक्षिक तथा प्रशासनिक व्यवस्थापनमा भएको खर्चका विल, भरपाई, डोर हाजिरी लगायतका सम्वद्द कागजातहरु विश्वसनीय र वास्तविकताको सुनिश्चितता गरि प्रमाणिकताका आधारमा भएको खर्च मात्र भुक्तानी दिनुपर्नेछ ।

१०. वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले निर्दिष्ट गरेका प्रक्रियाको पूर्ण पालना गरि पारदर्शी ढङ्गवाट भएको खरिदको मात्र भुक्तानी दिनुपर्नेछ । खरिद गरिएका सामग्रीहरु प्रचलित कानुन बमोजिम आम्दानी बाँधी स्थलगत रुपमा जुनसुकै समयमा चुस्त दुरुस्त रुपमा देखिने गरि प्रयोग तथा भण्डारण भएको हुनुपर्नेछ ।

११. स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधिले निर्दिष्ट गरेका क्षेत्रहरुमा मात्र विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, निःशुल्क पाठ्यपुस्तक अनुदान, छात्रवृत्ति, प्रति विद्यार्थी इकाइ लागत अनुदान अन्तर्गतको रकम उक्त कार्यविधिको परिधि भित्र रहि नियमानुसार खर्चको मात्र भुक्तानी गर्नुपर्नेछ ।

१२. धार्मिक अनुदान प्राप्त गर्ने विद्यालयले परम्परागत शिक्षण संस्था (संचालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ बमोजिम अनुदान रकम माग तथा खर्चको भुक्तानी दिने ।

१३. शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत भई सञ्चालनमा रहेका शुन्य दरबन्दी भएका विद्यालयले वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ बमोजिम अनुदान रकम माग तथा खर्चको भुक्तानी दिने ।

१४. महाराजगंज नगरपालिकाबाट निर्मित शैक्षिक सत्र २०८२ को शैक्षिक क्यालेण्डर अनुरुप तोकिएको समयावधी भित्र सम्पन्न गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

१५. शैक्षिक वर्ष २०८२ को यथार्थपरक र कार्यान्वयनयोग्य विद्यालय सुधार योजना (SIP) र शिक्षण सुधार योजना (TIP) निर्माण गरी २०८२ बैशाख मसान्तभित्र पेस गर्ने ।

दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

वेभसाइटः www.maharajgunjmun.gov.np ईमेलः info@maharajgunjmun.gov.np फोन नं. ०७६- ४०००५०

१६. सिकाइ सुधारका लागि विद्यालयका शिक्षक तथा प्र.अ कार्यसम्पादन प्रतिबद्धता पत्रको शिक्षकको हकमा प्र.अ र प्र.अ को हकमा वि.व्य.स को अध्यक्षसँग तोकिएको ढाँचामा कार्यसम्पादन सम्झौता गर्ने र सोको जानकारी २०८२ बैशाख मसान्त भित्र नगरपालिकामा पेस गर्ने ।

१७. आधारभूत तह कक्षा (१-३) एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विद्यार्थीको व्यक्तिगत पोर्टफोलियो तयार गरी आन्तरिक मूल्याङ्कनको अनिवार्य रुपमा अद्यावधिक गर्दै सहयोगात्मक शिक्षणको व्यवस्था मिलाउने ।

१८. नयाँ विद्यालय सञ्चालन, कक्षा थप लगायतका विषयमा सम्बन्धित निकायबाट अनुमति लिई सञ्चालन गर्नुपर्ने व्यवस्थाको प्रतिकूल हुने गरी सञ्चालन गरेको पाइएमा नियमानुसार कारवाही हुने ।

१९. विद्यालयमा मागको आधारमा नगरपालिकाबाट निकासा हुने विद्यालय शिक्षा क्षेत्र योजना लगायतका कार्यक्रमहरुको अनुदानका लागि आवश्यक कागजात पेसको लागि समयसिमा तोकी समप्रेषण भएको सूचना अनुसार तोकिएको समय भित्र कागजात पेस नगर्ने विद्यालयको हकमा अर्को व्यवस्था गरिनेछैन र कागजात पेस नभई सुविधाबाट बञ्चित भएमा सोको सम्पूर्ण जिम्मेवारी र जवाफदेही विद्यालयको प्र.अ एवम् विद्यालय प्रशासनको हुनेछ ।

२०. निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयहरुले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ बमोजिम देहायको संख्यामा विद्यार्थीहरुलाई निःशुल्क शिक्षा उपलब्ध गराउनका लागि छात्रवृत्ति प्रदान गरी सोको निर्णय र जानकारी यस कार्यालयमा पेस गर्ने ।

- ५०० जनासम्म विद्यार्थी भएको विद्यालयले कम्तीमा १० प्रतिशत विद्यार्थीलाई
- ५०० देखी ८०० सम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा १२ प्रतिशत विद्यार्थीलाई
- ८०० भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले कम्तीमा १५ प्रतिशत विद्यार्थीलाई

दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री शिक्षा विकास तथा समन्वय, इकाई, कपिलवस्तु ।